२०४८।४९

# श्री ५ महाराजाधिराजबाट

## संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०४८ साल आषाढ १७ गते रोज २

## श्री ५ महाराजाधिराजबाट संसदको पहिलो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

प्रतिनिधि सभाका सभामुख,
राष्ट्रिय सभाका अध्यक्ष
तथा संसदका सदस्यहरू ।

१. बहुदलीय शासन व्यवस्था अन्तर्गत देशको सर्वोच्च विधायिकाको पहिलो अधिवेशनलाई सम्बोधन गर्न प्रारम्भ गर्दा सबैभन्दा पहिले हामी ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दछौं ।

२. जनताको चाहना र इच्छा अनुरूप हामीबाट २०४७ साल कार्तिक २३ गतेका दिन बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, जनतामा निहित सार्वभौमसत्ता र जनताको मौलिक हक तथा तिनको सुरक्षा जस्ता मूलभूत कुराहरूको प्रत्याभूति हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरी लागू गरिबक्सेको सबैमा विदितै छ । यसै संविधान अनुसार हाल्ले देशमा बालिग मताधिकारको आधारमा भएको आमनिर्वाचन पछि पहिलो

पटक गठन भएको संसदका दुवै सदनका सदस्यहरूलाई आज सम्बोधन गर्न पाउँदा हामीलाई हर्ष लागेको छ । यो महत्त्वपूर्ण अवसरमा जनताद्वारा निर्वाचित प्रतिनिधि–सांसदहरूलाई स्वागत गर्दै आज हामी संसदीय शासन प्रणालीको सफलताको हार्दिक कामना गर्दछौं ।

३. नेपाली जनताको इच्छा र आकांक्षा अनुसार स्थापित प्रजातन्त्रको रक्षा र विकास गर्नु अब हामी सबैको समान दायित्व भएको छ । मेरो सरकारको विचारमा बहुदलीय प्रजातन्त्रको यो सर्वस्वीकृत संरचनाभित्र आर्थिक विकासको प्रतिफल देशका अत्यन्त गरीब र निमुखा जनतासम्म पुऱ्याउन सकेमा मात्र प्रजातन्त्र देशमा दिगो र बलियो हुन सक्छ । यो निःसंकोच स्वीकार गर्नुपर्ने सत्य हो– देशका बहुसंख्यक जनताहरू भोक, रोग र अशिक्षाको दुःखद पीडाले ग्रस्त छन् । जीवनका न्यूनतम आवश्यकता र सुविधाहरूबाट वञ्चित ग्रामीण जनताका निम्ति सम्मानपूर्वक जीवनयापन गर्न झन्-झन कठिन हुँदै गएको छ । आजसम्मको विकास प्रयासले देशको जनसंख्याको ठूलो हिस्सालाई छुन सकेको छैन । आर्थिक विकासको प्रतिफल पाउनपर्ने वास्तविक हकदार ग्रामीण जनताहरू सामाजिक न्यायबाट वञ्चित भएर सबैभन्दा पछाडि परेका छन् । यो नवोदित प्रजातन्त्रका लागि सबैभन्दा ठूलो चुनौती आजसम्म विकासको फल पाउनबाट वञ्चित सबैभन्दा पछाडि परेका निमुखा र गरीब जनतालाई सामाजिक न्याय प्राप्त गर्ने अघिल्लो पंक्तिमा ल्याइपुऱ्याउनु हो । बहुदलीय प्रजातन्त्रलाई सार्थक र न्यायपूर्ण बनाउने हो भने देशमा अब एउटा राष्ट्रिय सहमति बन्नै पर्छ । केही न केही सेवा र सुविधा पाइराखेको वर्गले आफ्नो सुविधामा थप विस्तारको खोजी होइन, जीवनका न्यूनतम आवश्यकताबाट वञ्चित देशका विपन्न र अभावग्रस्त जनताका निम्ति देशको साधन र स्रोत लगानी गर्न सरकारलाई निर्देशन गर्नुपर्दछ ।

४. मेरो सरकारको सम्पूर्ण कार्यक्रम विकासको यही समतामूलक दृष्टि र सामाजिक न्यायलाई स्थापित गर्ने प्रतिबद्धताद्वारा निर्देशित हुनेछ । राष्ट्रिय उत्पादनमा अधिकतम वृद्धि मात्र होइन, त्यसको न्यायपूर्ण वितरणको निम्ति सरकारले नीति र कार्यक्रम बनाउनेछ । गाउँ र ग्रामीण जनताको विकासलाई उच्चतम प्राथमिकता दिई ग्रामीण क्षेत्रमा बढी राष्ट्रिय लगानी गर्ने नीति लिइनेछ । जनतालाई गरीबीबाट मुक्ति दिलाउने उद्देश्यले सरकारले उत्पादनमूलक रोजगारीका अवसरहरूमा वृद्धि गर्ने तथा शुद्ध पिउने पानी, शिक्षा, स्वास्थ्य र सडक यातायात सेवालाई ग्रामीण जनतासम्म पुऱ्याउने नीति र कार्यक्रमलाई प्राथमिकता दिनेछ । राष्ट्र निर्माणको यो गहन जिम्मेवारी सरकार एक्लैले बोक्न सम्भव हुँदैन । त्यसैले मेरो सरकारले देश विकासका गतिविधिहरूमा निजी क्षेत्रको व्यापक सहभागिता विस्तार गर्दै जाने, स्वदेशी एवं विदेशी गैरसरकारी पूंजीलाई प्रोत्साहित गर्ने तथा राष्ट्रिय प्राथमिकता र स्वार्थ अनुकूल विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिनेछ । आगामी आठौं योजनाको तर्जुमा र कार्यान्वयनमा जनता र जनताका प्रतिनिधि-हरूलाई सहभागी गराई यिनै मूलभूत उद्देश्यहरूको प्राप्तिका लागि प्रयास थालिनेछ । राष्ट्रिय योजना आयोगको संरचना र कार्यशैलीमा पनि वाञ्छित सुधार गरिनेछ ।



५. सर्वसाधारण जनतालाई राहत पुऱ्याउन महंगी नियन्त्रण गर्नेतर्फ मेरो सरकारले ठोस कदम चाल्नेछ । यसका लागि वित्तीय र मौद्रिक नीतिमा वाञ्छित सुधार ल्याउनुका साथै उपभोग्य वस्तु तथा विकास-निर्माण सामग्रीको सुव्यवस्थित आपूर्ति कायम राख्न सामान्यतः निजी क्षेत्रलाई प्रेरित गरिनेछ । तर कृत्रिम रूपले आपूर्तिमा कमी ल्याई मूल्यवृद्धि गराउने प्रवृत्ति देखा परेमा सरकारले बजारमा हस्तक्षेप गर्ने नीतिका साथै कडा प्रशासनिक कार्यवाही समेत गरी कृत्रिम मूल्यवृद्धि रोक्नेतर्फ आवश्यक कदम चाल्नेछ । मेरो सरकारले राजस्वका वर्तमान दरहरूमा आवश्यक सुधार र समायोजन गरी यिनलाई गतिशील बनाउनुका साथै कर प्रशासनलाई सरल, स्वच्छ र सक्षम बनाई बढी राजस्व परिचालनमा जोड दिनेछ । मेरो सरकारले विदेशी सहयोग अब राष्ट्रिय प्राथमिकता अनुरूपका विकास कार्यक्रममा रोजगारी, लागत तथा प्रतिफलको आधारमा जनतालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरूमा मात्र स्वीकारिने परम्परा बसाल्नेछ । चलिरहेका विकास आयोजनाहरूलाई पनि यसै दृष्टिले पुनरावलोकन गरिनेछ ।

६. विकासको प्रतिफल सबैभन्दा पिछडिएका वर्गसम्म पुऱ्याउन प्रशासन यन्त्रलाई बढी दक्ष, उत्पादनशील र जनमुखी बनाउने उद्देश्यले यसमा

उपयुक्त सुधार प्रक्रियाको थालनी गरिनेछ। बितेको ३२ वर्षको अवधिमा अर्थ व्यवस्थाले धान्नै मुश्किल हुने गरी प्रशासनिक यन्त्रमा विस्तार भएको छ। त्यसैले वर्तमान प्रशासनिक संरचनालाई पुनरावलोकन गरी अनावश्यक सरकारी निकायहरू बन्द गरिनेछन्। त्यसो गर्दा कर्मचारी वर्गको हितको संरक्षण तथा देशको आवश्यकता दुवैलाई ध्यानमा राखिनेछ। लोकसेवा आयोगलाई बढी प्रभावकारी बनाई सक्षम र इमान्दार कर्मचारीहरूको योग्यता र स्वाभिमानको रक्षा गरिनेछ तथा भ्रष्टता र बेइमानीतर्फ उन्मुख प्रवृत्तिलाई निर्मूल गरिनेछ। मेरो सरकारले देशको विद्यमान आर्थिक क्षमता तथा कर्मचारीहरूको तलबमानको स्थितिलाई मूल्याङ्कन गरी सुझाव पेश गर्न एउटा "पे-कमिशन" को गठन गर्नेछ।

७. कृषि क्षेत्रलाई बढी उत्पादनशील बनाउन मेरो सरकारले गाउँस्तरमा रहेका साझा सघ-संस्थाहरूको कार्यशैलीमा सुधार गरी किसानहरूलाई कृषि उत्पादन सामग्रीहरू सुलभ तरिकाबाट उपलब्ध गराउनेछ। किसानलाई ऋण, कृषि सामग्री र कृषि सेवा एउटै छानोमुनि उपलब्ध गराउनेतर्फ कदम चालिनेछ। साना किसानलाई सरल दरमा कृषि ऋण उपलब्ध गराइनेछ। मलखादको आपूर्तिमा वृद्धि गर्न स्वदेशमै मल कारखाना खोल्न नीतिगत प्रोत्साहन दिइनेछ तथा जैविक मलखादको प्रयोग गर्नेतर्फ जोड दिइनेछ। किसानले उत्पादन गरेका कृषि उपजको उचित मूल्यमा तथा समयमै खरीद गर्ने नीति मेरो सरकारले लिनेछ। पशु स्वास्थ्य र उपचार सेवामा पनि व्यापक विस्तार गरिनेछ।

ग्रामीण क्षेत्रमा रहेका युवा, महिला र शिक्षित जनशक्तिको क्षमता र ज्ञानलाई कृषि विकासका विभिन्न उत्पादन एवं आयमूलक कार्यक्रममा परिचालन गरिनेछ। कृषिजन्य उद्योगको प्रवर्द्धनमा जोड दिई रोजगारीको अवसरमा वृद्धि गरिनेछ। तराई, पहाड र हिमाली क्षेत्रमा उपयुक्त कृषि र वन विकासद्वारा भू-उपयोगको स्थितिमा सुधार ल्याई वातावरणीय सन्तुलन कायम गर्ने प्रयत्न गरिनेछ।

८. मेरो सरकारले भूमिसुधार सम्बन्धी हालसम्मको प्रगतिलाई विस्तृत विश्लेषण गरी भूमिमा रहेको द्वैध स्वामित्व समाप्त गर्नेतर्फ कार्यहरू



शुरू गर्नेछ। मालपोत असूली र जग्गा प्रशासन कार्यमा नयाँ प्रविधि र तरिकाको प्रयोग गरिनेछ। गुठी सञ्चालनमा अवरोध नपुग्ने गरी गुठी जग्गाका मोहीहरूको अधिकार दिलाउने कार्यक्रम ल्याइनेछ। जियोडेटिक नियन्त्रण विन्दुहरूको स्थापना गरी विकास आयोजना तर्जुमा गर्न उपयोगी हुने आधार-नक्शाहरू तैयार गरिनेछन्।

९. मेरो सरकारले कडाइका साथ वनको संरक्षण गर्ने तथा वैज्ञानिक व्यवस्थापन गर्ने वन नीतिको कार्यान्वयन गर्नेछ। वन विकास कार्यक्रममा व्यापक जनसहभागिता जुटाउन संरचनात्मक परिवर्तन गर्नेछ। सामुदायिक वन विकास कार्यक्रमलाई प्राथमिकता दिई वन पैदावारको सतत उत्पादन र आपूर्तिमा तीव्रता ल्याइनेछ। विद्यालय स्तरदेखि नै वन र वातावरण बीचको अन्तरसम्बन्धका विषयमा शिक्षा दिने पाठ्यक्रमको विकास गरी वन विनाश, बाढी, पैह्रो, भू-क्षय जस्ता वातावरणीय विसंगतिलाई समाप्त पार्न क्रमशः ग्राम जनतामा जागरण ल्याउने प्रयास आरम्भ गरिनेछ।

१०. हालसम्म सम्पन्न भएका सिंचाइ आयोजनाहरूको अधिकतम उपयोग गर्न ती आयोजनाहरूको मर्मत, सम्भार र सञ्चालनमा तथा सिंचाइ सुविधाको थप विस्तार गर्ने कार्यक्रममा स्थानीय जनतालाई सहभागी गराउने दृष्टि मेरो सरकारले राख्नेछ।

दीर्घकालीन सिंचाइको आवश्यकता पूरा गर्न बहुउद्देश्यीय आयोजनाहरूको लागि स्रोत र साधनको व्यवस्था गर्ने प्रयास जारी रहनेछ। आगामी आर्थिक वर्षमा अठतीस हजार हेक्टर थप जमीनमा सिंचाइ सुविधा उपलब्ध गराइनेछ। खेतीयोग्य जमीनको कटान रोक्न नदी नियन्त्रणको कार्यलाई प्राथमिकता दिइनेछ।

विद्युत् सेवातर्फ ग्रामीण इलाकामा प्रसारण-प्रणालीको विस्तार तथा साना जलविद्युत् आयोजनातर्फ निजी क्षेत्रलाई सहभागी गराउने नीति लिइनेछ।

ठूला जलविद्युत् आयोजनाहरूका निम्ति मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग आवश्यक छलफल एवं पूर्वाधार निर्माण गर्ने प्रयास जारी रहनेछ।

११. शहरी तथा ग्रामीण क्षेत्रका प्रत्येक नेपालीलाई आगामी दश वर्षभित्र शुद्ध पिउने पानी उपलब्ध गराउने कार्यक्रमलाई मेरो सरकारले उच्चतम प्राथमिकता प्रदान गरी सञ्चालन गर्नेछ। कम खर्चिलो र उपयुक्त ग्रामीण सरसफाइ कार्यक्रम पनि सञ्चालन गरिनेछ। ग्रामीण क्षेत्रमा सुविधायुक्त बसोबास गराउन ग्रामीण आवास आयोजना सञ्चालन गरिनेछ।

शहरमा जनसंख्यावृद्धि र अव्यवस्थित बसोबासले उत्पन्न गरेको सेवा, सुविधा र आवासको समस्यालाई समाधान गर्ने उद्देश्यले उपयुक्त शहर विकास तथा आवास नीति जनसमक्ष ल्याइनेछ।

मेरो सरकारले २०४५ सालमा भूकम्पपीडित जनतालाई राहत दिन सञ्चालन गरिएका कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन गर्नेछ।

१२. आगामी आर्थिक वर्षमा मेरो सरकारले पूर्व-पश्चिम राजमार्गको बाँकी खण्ड, उत्तर-दक्षिण राजमार्ग र ती राजमार्गहरूसित जिल्लाका सदरमुकामलाई जोड्ने सहायक मार्गको निर्माण र निर्माण भएका बाटाहरूको मर्मत र स्याहार कार्यक्रमलाई प्राथमिकता दिनेछ। कृषि उपजका लागि बजारको विस्तार तथा ग्रामीण जनताको आवागमनका लागि स्थानीय महत्त्वका मोटर बाटाहरू सरकारी सहयोग तथा जनताको श्रम, सहयोग र सहभागिताको आधारमा निर्माण गरिने छन्। दुर्गम ग्रामीण क्षेत्रमा घोडेटो, गोरेटो तथा झोलुङ्गे पुलहरूको निर्माण र मर्मत कार्यलाई प्रोत्साहित गरिनेछ। विद्युत्बाट देशका विभिन्न भागमा चल्नसक्ने यातायात र रोप-वे सेवाको सम्भाव्यता खोजिनेछ।

१३. उद्योगको क्षेत्रमा मेरो सरकारले कृषिजन्य, श्रममूलक, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिनुका साथै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने खालका उद्योगहरूलाई प्रोत्साहन दिनेछ। मेरो सरकारले निजी क्षेत्रलाई सहयोग पुऱ्याउने, निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने तथा लगानीकर्ताका निम्ति उपयुक्त वातावरणको सिर्जना गर्नेछ।

सरकारी क्षेत्रमा राम्ररी चल्न नसकेका कतिपय औद्योगिक र व्यापारिक प्रतिष्ठानहरू निजी क्षेत्रलाई हस्तान्तरण गर्न वा तिनको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी बनाउन आवश्यक नीतिगत कदम चालिनेछन्।



अनुत्पादक र राष्ट्रिय प्राथमिकता भन्दा बाहिरको क्षेत्रमा प्रवाहित भइरहेको निजी क्षेत्रको पूँजीलाई उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा प्रवाहित गर्ने उद्देश्यले मौद्रिक र वित्तीय नीतिमा उपयुक्त सुधार गरिनेछ तथा उद्योग-व्यापारमा विद्यमान लाइसेन्सिङ्ग प्रथा र प्रशासनिक झन्झटलाई कम गर्ने सरल व्यवस्था अपनाइनेछ।

औद्योगिक एवं व्यापारिक क्षेत्रमा लगानीकर्तालाई दिइने प्रशासन सम्बन्धी सेवा "एकद्वार प्रणाली" मार्फत दिने व्यवस्था सुदृढ गरिनेछ। घरेलु उद्योगको विकास र सम्वर्द्धनलाई प्रोत्साहित गरिनेछ तथा साना स्तरका उद्योगका निम्ति आवश्यक प्रविधिको विकास र हस्तान्तरणका लागि प्रविधि विकास एवं हस्तान्तरण केन्द्रको स्थापनातर्फ जोड दिइनेछ।

मेरो सरकारले निकासीयोग्य वस्तुहरूको अधिकतम उत्पादन र तिनको गुणस्तरमा सुधारद्वारा निकासी अभिवृद्धि गर्ने वाणिज्य नीति अपनाउनेछ। साथै विलासिताका वस्तुहरूको पैठारीमा नियन्त्रण तथा सर्वसाधारण जनताका आवश्यकताका वस्तुहरूको सुलभ आपूर्ति गर्ने नीतिगत प्रोत्साहन प्रदान गरिनेछ। वाणिज्यको क्षेत्रमा साना व्यापारीहरूलाई सहभागी गराउनेतर्फ यथेष्ट ध्यान पुऱ्याइनेछ। मेरो सरकार भारतसँग व्यापार र पारवहन सन्धिहरू तथा अनधिकृत व्यापार नियन्त्रण सहयोग सम्झौता सम्पन्न गर्न प्रयत्नशील रहनेछ।

१४. देशको सांस्कृतिक सम्पदा र पर्यावरणको सन्तुलनको रक्षा गर्दै मेरो सरकारले पर्यटन क्रियाकलापहरूको तथा पर्यटन स्थलहरूमा सेवा र सुविधाको विस्तार गर्नेछ। पर्यटन क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्नुका साथै निजी क्षेत्रलाई सहभागी गराउन अन्तर्राष्ट्रिय स्तरको संयुक्त पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। वायु सेवालाई प्रतिस्पर्धात्मक बनाई देशका थप क्षेत्रहरूमा सेवा र सुविधा उपलब्ध गराउन निजी क्षेत्रमा समेत वायुसेवा सञ्चालन गर्न आवश्यक प्रोत्साहन दिइनेछ।

१५. स्थानीय स्तरका निर्माण कार्य र समस्याको समाधान जनताले स्थानीय स्तरमै गरून् भन्ने उद्देश्यले मेरो सरकारले विकेन्द्रित शासन व्यवस्था

लागू गर्नेछ। यसका निम्ति गाउँ, नगर र जिल्लाका स्थानीय इकाईहरू प्रभावकारी र शक्तिसम्पन्न बनाउने कानूनी व्यवस्था मिलाइनेछ।

स्थानीय विकास कार्यक्रमलाई गरीबी उन्मूलन गर्नेतर्फ उन्मुख गराई दुर्गम क्षेत्र र महिला, केटाकेटी तथा समाजका विपन्न समुदायलाई प्रत्यक्ष फाइदा पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। अधिराज्यका मठ-मन्दिर तथा गुम्बाहरू र तिनका बहुमूल्य सम्पदाको अभिलेख तयार गर्ने तथा तिनको संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१६. मेरो सरकारले वर्तमान शिक्षा नीति र कार्यक्रमको समष्टिगत मूल्याङ्कन गरी शिक्षा र संस्कृति सम्बन्धी नयाँ नीति निर्धारण गर्नेछ। आगामी दश वर्षसम्ममा प्राथमिक विद्यालय जाने उमेरका सबै बाल-बालिकालाई प्राथमिक शिक्षाको अवसर उपलब्ध गराउनेछ। माध्यमिक तहसम्मको शिक्षालाई चरणबद्ध रूपमा निःशुल्क र विस्तारित गर्नेछ। साक्षरता अभियानलाई अझ व्यापक र विस्तारित गर्नेछ।

ग्रामीण विकासका लागि उपयोगी हुने आधारभूत तथा मध्यम-स्तरीय सीपमूलक प्राविधिक जनशक्ति तयार गर्ने प्राविधिक शिक्षालयहरूको विकास र विस्तारमा जोड दिइनेछ। महिला शिक्षालाई प्रोत्साहन दिइनुका साथै दुर्गम क्षेत्रमा शिक्षाको अवसरमा अझै वृद्धि गरिनेछ। जनसंख्या शिक्षालाई व्यापक र विस्तारित पारिनेछ।

मेरो सरकारले थप विश्वविद्यालयको स्थापना गर्नेतर्फ नीतिगत प्रोत्साहन दिनेछ। शिक्षाको गुणस्तरमा वृद्धि गर्ने उपयुक्त पाठ्यक्रमको विकास, परीक्षा-प्रणालीमा सुधार तथा शिक्षक तालीम जस्ता कार्यक्रमलाई प्रोत्साहित गर्नेछ। देशको सांस्कृतिक एवं धार्मिक धरोहरको संरक्षण तथा विभिन्न जात-जातिका नृत्य, संगीत, कला, संस्कृति, भाषा र साहित्यलाई सम्वर्द्धन र विकास गर्न मेरो सरकारले विशेष प्रयत्न गर्नेछ।

१७. आगामी दश वर्षभित्र सबै नेपालीलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनेतर्फ मेरो सरकारले प्रभावकारी पाइला चाल्नेछ। यसका निम्ति प्रतिकारात्मक स्वास्थ्य सेवालाई गाउँ-गाउँसम्म पुऱ्याइनेछ



तथा उपचारात्मक स्वास्थ्य सेवा पनि सरल र सर्वसुलभ बनाइनेछ। प्राथमिक स्वास्थ्य सेवालाई सर्वसुलभ तुल्याउन स्वास्थ्य चौकी एवं अस्पतालहरूको सेवा र प्रेषण-प्रणालीमा सुधार गरिनेछ। जनसंख्या वृद्धिदरलाई नियन्त्रण गरिनेछ। बाल-मृत्युदर र मातृ-मृत्युदरलाई उल्लेखनीय रूपमा घटाउने खालका कार्यक्रम विशेष रूपमा सञ्चालन गरिनेछ। मेरो सरकारले आयुर्वेद चिकित्सा प्रणाली र जडीबुटी प्रशोधन एवं अनुसन्धानलाई प्रोत्साहन दिनेछ।

१८. मेरो सरकारले मुलुकमा बढी रोजगारी सिर्जना गर्नसक्ने सीपमूलक तालीमको विस्तार गर्नेछ। शिक्षित र तालीमप्राप्त व्यक्तिहरूलाई रोजगारीका सम्बन्धमा उपयुक्त सल्लाह दिन रोजगारी र सूचना केन्द्रको स्थापना गर्नेछ। ट्रेड युनियनहरूको स्वस्थ विकासमा सहयोग पुऱ्याई श्रमिक तथा रोजगारदाताका बीच समझदारी बढाउन तथा औद्योगिक शान्ति स्थापना गर्न मेरो सरकारले मद्दत पुऱ्याउनेछ।

आर्थिक एवं सामाजिक दृष्टिले पिछडिएका वर्गको उत्थानका लागि तथा असहाय, वृद्ध र अपाङ्गहरूका लागि सामाजिक सुरक्षा प्रदान गर्न मेरो सरकारले कदम चाल्नेछ। महिलाहरूको सामाजिक एवं आर्थिक विकास कार्यक्रमलाई प्राथमिकता दिई अघि बढाइनेछ। बाल-बालिकाहरूको हक-हित र कल्याणका कार्यक्रम सञ्चालन गरिनेछ। श्रमिकहरूलाई उनीहरूको न्यायोचित हक र सुविधा दिलाउने तथा सामाजिक न्याय कायम गर्नेतर्फ मेरो सरकार सचेष्ट रहनेछ।

१९. मेरो सरकारले प्रेस स्वतन्त्रता र जनताको सूसूचित हुने हकको अत्याभूति गर्न स्वतन्त्र, स्वस्थ र मर्यादित पत्रकारिताको विकासलाई प्रोत्साहित गर्नेछ। दूरसञ्चार सेवालाई ग्रामीण क्षेत्रसम्म पुऱ्याउने सन्दर्भमा प्रत्येक विकास क्षेत्र अन्तर्गतका विभिन्न ठाउँहरूमा टेलिफोन सेवाको विस्तार गरिनेछ। विभिन्न ठाउँमा टेलिफोन एक्स्चेञ्ज-क्षमतामा वृद्धि गरिनुका साथै डिजिटल टेलिफोन एक्स्चेञ्ज-सेवाको समेत विस्तार गरिनेछ।

नेपाल टेलिभिजनको प्रसारण क्षेत्र विस्तार गर्न भू-उपग्रहको उपयोग गर्ने सम्भावनाको खोजी गरिनेछ। देशका प्रत्येक गाउँ विकास समितिमा सक्षम हुनाका सेवाको विस्तार गर्ने नीति लिइनेछ।

२०४५।४०

# श्री ५ महाराजाधिराजबाट

## संसदको तेस्रो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०४६ साल श्राषाढ १७ गते रोज ४

## श्री ५ महाराजाधिराजबाट संसदको तेस्रो अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

**प्रतिनिधि सभाका सभामुख,**

**राष्ट्रिय सभाका अध्यक्ष**

**तथा संसदका सदस्यहरू ।**

१. देशको सर्वोच्च विधायिकाको तेस्रो अधिवेशनलाई सम्बोधन गर्दा हामीलाई खुशी लागेको छ ।

२. नेपाली जनताको सहयोग र सहभागितामा सम्पन्न भएको स्थानीय निकायहरूको निर्वाचनले बहुदलीय प्रजातन्त्रको संस्थागत विकासका लागि आधारभूत योगदान दिनेछ भन्ने हामीले महसुस गरेका छौं । मेरो सरकारले स्थानीय निकायहरूको सुदृढीकरण र विकासका लागि विकेन्द्रीकरणको सिद्धान्त अनुरूप आवश्यक नीति, नियमहरू तर्जुमा गर्नेछ । साथै, स्थानीय स्रोत र जनसहयोगलाई परिचालन गर्दै जनताका आवश्यकता र आकांक्षाहरूलाई क्रमशः पूरा गर्ने काममा स्थानीय नेतृत्व र निकायलाई नै जिम्मेवार र अधिकारसम्पन्न बनाउने व्यवस्था मिलाइनेछ ।

३. नेपालको परराष्ट्र नीतिलाई राष्ट्रिय हित, स्वतन्त्रता, प्रजातन्त्र र मानव अधिकारका मूल्यहरूप्रति प्रतिबद्धता राख्दै विकसित गरिनेछ । संयुक्त राष्ट्र संघको आदर्श अनुरूप विश्वका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध विकसित गर्दै जाने मेरो सरकारको नीति जारी रहनेछ । यसै क्रममा, हाम्रा घनिष्ट छिमेकी मित्र राष्ट्रहरू भारत तथा चीनसितको विद्यमान मैत्री सम्बन्धलाई अरु सुदृढ र समझदारीपूर्ण तुल्याउने दिशामा हाम्रा प्रधानमन्त्रीबाट सम्पन्न भारत र चीनका भ्रमणहरू महत्वपूर्ण रहेका छन् ।

४. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई समयानुकूल र प्रभावकारी बनाउनेतर्फ मेरो सरकारको प्रयास जारी नै रहनेछ । असंलग्न आन्दोलनको उद्देश्य र कार्यक्रमलाई बदलिंदो युगको गति र प्राथमिकतातर्फ डोऱ्याउनुपर्ने मेरो सरकारको सोचाइ रहेको छ ।

५. ठूलो संख्यामा नेपाल प्रवेश गरिरहेका भुटानी शरणार्थीहरूलाई मानवीयताका आधारमा नेपालले आश्रय प्रदान गरेको छ । भुटानी शरणार्थीहरू शान्तिपूर्ण रुपमा ससम्मान आफ्नो देशमा फर्किन सक्ने वातावरण तयार होस् भन्ने अभिप्रायका साथ मेरो सरकारले भुटान सरकारसँग सम्पर्क र सम्वादको प्रक्रियालाई चालू राखेको छ ।

६. मेरो सरकारले विकासको समतामूलक दृष्टि र सामाजिक न्याय स्थापित गर्ने प्रतिबद्धता अनुरूप दिगो आर्थिक वृद्धिको उच्च दर हासिल गर्ने, गरीबी घटाउने तथा क्षेत्रीय असन्तुलन कम गर्दै लैजाने उद्देश्यले आठौं योजनाको रूपमा नयाँ पञ्चवर्षीय योजना तयार पार्ने कार्य प्रायः पूरा गरेको छ । यसै योजनाको परिधिभित्र रही आर्थिक वर्ष २०४९।५० को वार्षिक विकास कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ । विकास आयोजनाहरूको कार्यान्वयनमा तीव्रता ल्याउन मेरो सरकारले अनुगमन र मूल्याङ्कन व्यवस्थालाई सुदृढ गर्नेछ ।

७. मेरो सरकारले ग्रामीण क्षेत्रको सर्वतोमुखी विकासको



लागि सरकारी लगानीको अधिकांश हिस्सा प्रवाहित गर्नेछ । स्थानीय जनताको सक्रिय सहभागितामा तत्काल र प्रत्यक्ष लाभ पुग्ने खालका ग्रामीण स्वावलम्बन, महिला विकास, सामुदायिक विकास, आय तथा रोजगारीमूलक कार्यक्रमहरूको माध्यमबाट ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याइनेछ ।

८. विकासका पूर्वाधारहरू खडा गर्ने र खडा भएका पूर्वाधारहरूको उचित मर्मत, सम्भार र सञ्चालन गरी त्यसबाट बढी भन्दा बढी प्रतिफल लिने नीति लिइनेछ । अनुत्पादक खर्चहरू र आर्थिक प्रतिफल कम भएका आयोजनाहरूलाई घटाउँदै लगिनेछ । त्यस्तै, मेरो सरकारले खर्च गर्ने क्षमतामा सुधार गरी विनियोजन र खर्चको बीचको दूरी कम गर्दै लैजानेछ ।

९. मेरो सरकारले मिश्रित अर्थ व्यवस्थाभित्रै प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी निजी क्षेत्रलाई अगाडि बढाउन आर्थिक तथा मौद्रिक नीतिहरुलाई उदार बनाउँदै लैजाने क्रमलाई अगाडि बढाउनेछ । यस सन्दर्भमा, नयाँ वाणिज्य नीति, उद्योग नीति, विदेशी लगानी तथा एकद्वार प्रणाली नीति र विदेशी मुद्रासम्बन्धी नीतिहरू प्रकाशमा आइसकेका छन् । यी नीतिहरूलाई कार्यान्वयन गर्न आवश्यक पर्ने विधेयकहरू यसै अधिवेशनमा पेश गरिनेछन् । निजी क्षेत्रको आर्थिक क्रियाकलापलाई नियोजित तथा नियन्त्रण गर्ने खालका प्रशासनिक र प्रक्रियागत व्यवधानहरूलाई आगामी दिनहरूमा हटाउँदै लगिनेछ । सार्वजनिक संस्थानहरूको निजीकरणको प्रक्रियालाई अगाडि बढाइनेछ । मौद्रिक नीतितर्फ मुद्रा प्रदाय निश्चित सीमाभित्र राखिनेछ । मुद्रास्फीति र लक्षित उत्पादन वृद्धिले खाम्नसक्ने गरी निजी क्षेत्रको कर्जाको आवश्यकता पूरा गर्न जोड दिइनेछ ।

१०. अत्यावश्यक वस्तुहरूको आपूर्ति व्यवस्थालाई निरन्तरता र सुलभता प्रदान गर्न निजी र सहकारी क्षेत्रलाई बढी संलग्न गराउने आधार सिर्जना गर्ने नीति मेरो सरकारले लिएको छ । तर प्रभावकारी रुपमा निजी क्षेत्र विकसित हुन नसकेका दुर्गम क्षेत्र र कम आय भएका विपन्न समुदायका लागि सार्वजनिक वितरण प्रणालीलाई सुदृढ तथा सक्षम बनाई उचित मूल्यमा खाद्यान्न उपलब्ध

गराउने व्यवस्था कायमै राखिनेछ ।

११. अन्तर्राष्ट्रिय वायु सेवाहरूको नेपाल आगमन बढाउन हालको उदार नीतिलाई कायमै राख्दै अधिराज्यका थप स्थानहरूमा हवाई सेवा विस्तार गर्न निजी क्षेत्रमा सञ्चालित हवाई सेवाहरूलाई प्रोत्साहित गरिनेछ । उच्चस्तरीय होटेल एवं रिजोर्टहरूको निर्माण र सञ्चालनमा संयुक्त तथा विदेशी लगानी बढाइनेछ ।

१२. राष्ट्रिय अर्थतन्त्रमा कृषिको महत्वपूर्ण भूमिकालाई दृष्टिगत गर्दै मेरो सरकारले कृषकको स्रोत, साधन, सीप एवं भौगोलिक सम्भाव्यता र वातावरण सन्तुलन समेतको आधारमा बालीको विविधीकरण गरी दिगो उत्पादन प्रणालीको विकास गर्नेछ । कृषि प्रसार सेवालाई एक छानोमुनि ल्याउने घोषित सरकारी नीति अनुरूप कृषि मन्त्रालय तथा विभागहरूको संरचनामा आवश्यक परिवर्तन गरिनेछ ।

१३. भूमिसुधार कार्यक्रम अन्तर्गत जमीनमा खास मोहीहरूको हक, हितको संरक्षण गर्ने उद्देश्यले वैज्ञानिक एवं अद्यावधिक लगत तयार गरिनेछ । भूमिसम्बन्धी कार्यक्रमलाई जनताको संलग्नतामा सरल तथा स्वाभाविक बजारमुखी प्रक्रियाबाट कार्यान्वयन गर्न एक विधेयक सदनमा पेश गरिनेछ । मालपोत असूली र जग्गा प्रशासनमा कम्प्युटर प्रविधिको उपयोग गरी निश्चित अवधिभित्र मुलुकमा प्रत्येक व्यक्तिसँग रहेको सबै जमीन एउटै लालपूर्जाबाट देखिने गरी एकीकृत केन्द्रीय सूचना प्रणाली विकसित गर्दै लगिनेछ ।

१४. वातावरण र विकासबीच रहेको अन्तरसम्बन्धलाई दृष्टिगत गरी वन विकासका कार्यक्रमहरू समन्वयात्मक तरिकाले सञ्चालन गरिनेछन् । वन व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन प्रचलित ऐन, नियममा सुधार गरिनेछ । वनजन्य उद्योगहरुका लागि आवश्यक पर्ने कच्चा पदार्थ सम्बन्धित उद्योगहरुले नै कबुलियत वन वा निजी वनको माध्यमबाट आपूर्ति गर्ने प्रक्रिया विकसित गरिनेछ । राष्ट्रिय वन माथिको निर्भरता क्रमशः घटाउँदै लैजान निजी वन



लगाउने कार्यक्रम चाँडो लागू गरिनेछ ।

१५. अधिराज्यभरिका सबै जनतालाई खानेपानीको सुविधा उपलब्ध गराउन गैर-सरकारी क्षेत्र तथा जिल्ला एवं गाउँ विकास समितिहरू समेतलाई परिचालन गरी कम खर्चिलो र उपयुक्त प्रविधिको विकास र उपयोगका साथै आयोजनाको निर्माण, सञ्चालन र मर्मत सम्भारमा जनसहभागिता परिचालन गर्ने नीति अनुरूप कार्यक्रम बनाई लागू गरिनेछ । शहरी क्षेत्र विशेष गरी काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिमा सुधार गर्ने क्रममा कम अवधिमै पूरा गर्न सकिने केही नयाँ आयोजनाहरु कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१६. यातायाततर्फ निर्माणाधीन राजमार्गहरू पूरा गर्ने र निर्माण भैसकेका सडकहरूको संरक्षण गर्ने कार्यमा विशेष जोड दिइनेछ । मोटर बाटो नपुगेका जिल्लाहरूको सदरमुकामलाई जोड्ने सहायक मार्गहरु क्रमशः निर्माण गर्दै जाने मेरो सरकारको नीति रहेको छ । दुर्गम पहाडी क्षेत्रमा जनताको सुविधाका लागि घोडेटो र झोलुङ्गे पुलहरूको निर्माण तथा मर्मत सम्भार गरिनेछ । साथै, जिल्ला विकास समितिको माध्यमबाट जनसहभागिता जुटाई जिल्लास्तरीय सडकहरू निर्माण गर्नको लागि मेरो सरकारले साधन र प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

१७. मेरो सरकारले छरिएर रहेको जलस्रोतलाई ग्रामीण विकासका लागि उपयोग गर्ने क्रममा प्राविधिक, आर्थिक, संस्थागत एवं पर्यावरणीय दृष्टिबाट धान्न सकिने, छोटो अवधिमा प्रतिफल दिने तथा कम लागतका सिंचाई विकास कार्यक्रमलाई प्राथमिकता दिई सञ्चालन गर्नेछ । सिंचाई प्रणालीहरूको निर्माण, विस्तार तथा व्यवस्थापनमा समेत मेरो सरकारले उपभोक्ता कृषकहरूको सहभागिता जुटाएर व्यापक रूपमा साना तथा मझौला, सतह जल सिंचाई एवं भूमिगत जल आयोजनाहरू सञ्चालन गर्नेछ ।

१८. विद्युत् उत्पादनका लागि द्विपक्षीय एवं बहुपक्षीय स्तरमा सहयोग जुटाउने प्रयासहरू जारी राखिनेछन् । निजी क्षेत्रलाई

पनि विद्युत् उत्पादन कार्यमा संलग्न हुन प्रोत्साहित गरिनेछ र यसका लागि आवश्यक कानूनी व्यवस्था गर्न विधेयक पेश गरिनेछ । विद्युत् आपूर्तिमा देखा परेको कमी हटाउनका लागि आगामी आर्थिक वर्षदेखि एक मझौला प्रकारको जलविद्युत् आयोजनालाई प्राथमिकता दिई कार्यान्वयन तहमा पुऱ्याइनेछ । यसका साथै, स्थानीय स्तरमा स-साना जलविद्युत् केन्द्र स्थापना गरी विद्युतीकरण कार्यलाई अधिकतम रूपमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

१९. शिक्षाका विभिन्न पक्षहरूको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन पेश गर्न गठित राष्ट्रिय शिक्षा आयोगबाट प्राप्त सुझावहरूका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी तिनलाई मेरो सरकारले क्रमिक रूपले लागू गर्दै जानेछ ।

२०. देशका विभिन्न जाति, जनजाति तथा समुदायको कला, संस्कृति, भाषा आदिको विकासका लागि उपयुक्त नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्न गठित समितिले प्रस्तुत गरेको प्रतिवेदनका आधारमा कार्यक्रमहरू तर्जुमा गरी क्रमशः लागू गर्दै लगिनेछ ।

२१. देश विकासमा गैर-सरकारी संस्थाहरूको भूमिकालाई व्यवस्थित, प्रभावकारी र सरल बनाउन नयाँ ऐनको व्यवस्था गरिनेछ ।

२२. राष्ट्रिय स्वास्थ्य नीति अनुरूप ग्रामीण जनतालाई उप-स्वास्थ्य चौकी, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रको माध्यमबाट आधारभूत स्वास्थ्य सेवाका साथै प्रेषण प्रणालीको माध्यमबाट आधुनिक चिकित्सा सुविधा उपलब्ध गराउन मेरो सरकारले स्वास्थ्यसम्बन्धी आवश्यक योजना र कार्यक्रम सञ्चालन गर्नेछ ।

२३. श्रमिकहरूको पेशागत हक, हित र अधिकारको संरक्षण गर्न कानूनको तर्जुमा गरिनेछ र भैरहेका कानूनहरूमा समयानुकूल सुधार गरिनेछ । असहाय, बाल, बृद्ध र अपाङ्गहरूको सामाजिक सुरक्षा व्यवस्थालाई क्रमिक रूपमा विस्तार गरिनेछ ।

२४. सञ्चार माध्यमहरूको सुदृढीकरण र प्रभावकारी परिचालन गर्न तथा निजी क्षेत्रका सञ्चार माध्यमहरूको संस्थागत



विकास हुन सक्ने वातावरण तयार पार्न यथाशीघ्र मेरो सरकारले प्रजातान्त्रिक वातावरण अनुरूपको राष्ट्रिय सञ्चार नीति ल्याउनेछ ।

२५. सञ्चार सेवा अधिराज्यका सबै क्षेत्रमा क्रमशः विस्तार गर्दै जाने क्रममा पाँचथर, तेह्रथुम, ताप्लेजुङ्ग, भोजपुर र संखुवासभा जिल्लाका सदरमुकामहरूमा डिजिटल टेलिफोन सेवा उपलब्ध गराइनेछ । गाउँ-गाउँसम्म हुलाक सेवा पुऱ्याउने नीति अनुरूप थप हुलाकहरु खोलिने क्रम जारी रहनेछ । यसका साथै, टेलिभिजन प्रसारणलाई भरपर्दो तुल्याउन मेरो सरकारले काठमाडौंमा एक आधुनिक स्टुडियो स्थापना गर्नुका साथै फुलचोकी, भेडेटार, भरतपुर, पोखरा र जलेश्वरमा नयाँ ट्रान्स्मिटिङ्ग स्टेशनहरु स्थापना गर्नेछ ।

२६. मेरो सरकारले उच्चस्तरीय प्रशासन सुधार आयोगको सिफारिस अनुरूप प्रशासनका विविध क्षेत्रमा सुधारहरूको थालनी गर्नेछ ।

२७. मेरो सरकारले गृह प्रशासनलाई दक्ष र सेवामूलक बनाउन प्रहरीतर्फ संगठनात्मक सुधार गर्नुका साथै अन्य समयसापेक्ष सुधारहरू गर्दै जानेछ ।

२८. शाही नेपाली सेनालाई सक्षम र दक्ष बनाउने काम चालू राख्दै राष्ट्रको विकास तथा निर्माण कार्यमा सेनामा रहेको जनशक्ति, प्राविधिक सीप र दक्षताको उपयोग गरिनेछ ।

२९. देशमा पुनर्स्थापित बहुदलीय प्रजातन्त्रको संस्थागत विकास गर्दै जाने क्रममा हालै सम्पन्न स्थानीय निकायको चुनाव अर्को महत्वपूर्ण उपलब्धि हुन गएको छ । जनताको सर्वोत्तम हित र कल्याणको साधनको रूपमा जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ को पालना गर्दै विकासको काममा द्रुतगति ल्याउन सघाउ पुग्ने वातावरण र अवस्था सिर्जना गर्ने कार्यमा मेरो सरकारलाई सबैबाट सहयोग प्राप्त हुने नै छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

२०५०।५१

# श्री ५ महाराजाधिराजबाट

## संसदको पाँचौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

सम्वत् २०५० साल श्राषाढ १७ गते रोज ५

# श्री ५ महाराजाधिराजबाट

## संसदको पांचौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई बक्सेको शाही सम्बोधन

प्रतिनिधि सभाका सभामुख,
राष्ट्रिय सभाका अध्यक्ष
तथा सांसदहरू ।

१. आज संसदको पांचौं अधिवेशनलाई सम्बोधन गर्न पाउदा हामीलाई खुशी लागेको छ । सुदृढ हुँदै गएको प्रजातन्त्रको यो आधारशिलामा मेरो सरकारले आर्थिक विकासका लागि नीतिगत आधार र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरिराखेको छ । आगामी आर्थिक वर्षमा मेरो सरकारले अवलम्बन गर्ने विकास नीति र कार्यक्रमका साथै प्रशासन एवं परराष्ट्र सम्बन्धमा गरिने सुदृढीकरणका प्रयासले संसदीय प्रजातन्त्र र विकासलाई थप टेवा पुग्नेछ।

२. स्थानीय निकायहरूको सक्रियता र जन-सहभागिता प्रजातन्त्र र न्यायपूर्ण विकासका अनिवार्य शर्त हुन् भन्ने मानेर मेरो सरकारले प्रारम्भ गरेको विकास कार्यक्रमहरूको प्रतिफल सकारात्मक देखिएको छ । स्थानीय विकास कार्यक्रमहरूको समन्वय जिल्ला विकास समितिहरूले नै

गर्ने नीतिलाई प्रभावकारी बनाउँदै आगामी आर्थिक वर्षमा स्थानीय निकायहरूलाई अझ बढी सुदृढ बनाउन यी निकायहरूको आर्थिक तथा भौतिक साधन र सुविधामा क्रमशः मेरो सरकारले वृद्धि गर्दै लानेछ । साथै ग्रामीण महिलाहरू तथा दुर्गम क्षेत्रका विपन्न जनताको जीवनस्तर उठाउने कार्यक्रममा पनि जोड दिइनेछ ।

३. मेरो सरकारले धान्न नसकिने गरी विकास आयोजनाहरूको संख्या मात्र विस्तार गर्दै लानुको सट्टा बढी भन्दा बढी जनता लाभान्वित हुने र प्रतिफल सुनिश्चित भएका आयोजनाहरूमा बजेट विनियोजन गरी आयोजना समयमै सम्पन्न गर्नेतर्फ ध्यान दिनेछ । विकास आयोजनाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउन राष्ट्रिय योजना आयोगको सचिवालयमा स्थापना भएको केन्द्रीय अनुगमन तथा मूल्यांकन महाशाखालाई अरू सक्रिय बनाइनेछ ।

४. अर्थ व्यवस्थालाई उदार र प्रतिस्पर्धात्मक बनाउने हेतुले मेरो सरकारले उद्योग, वाणिज्य, पर्यटन, विदेशी विनिमय आदि क्षेत्रमा अपनाएका नयाँ नीतिहरूको फलस्वरूप देखिएका सकारात्मक परिणामहरूलाई ध्यानमा राखी सुधारको यो क्रमलाई अझ अगाडि बढाउनेछ । स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको रुचि र विश्वासलाई अझ गहिरो पार्न थप उपयुक्त कानूनहरूको निर्माण गरिनेछ । औद्योगिक प्रवर्द्धनको क्रममा वातावरण संरक्षण, प्रविधियुक्त जनशक्तिको विकास र राष्ट्रिय उत्पादकत्वमा वृद्धि गर्न संस्थागत आधार खडा गरिनेछ ।

५. देशमा विद्यमान उदार आर्थिक वातावरण तथा नेपाल भारत वाणिज्य सम्झौता र सार्क राष्ट्रहरूबीच हालै सम्पन्न दक्षिण एशियाली सौविध्यप्राप्त व्यापार सम्झौताको आधारमा देशको निकासी व्यापारलाई देशगत र वस्तुगत रूपमा विविधीकरण गरी व्यापार असन्तुलन क्रमशः घटाउँदै लानेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

६. मेरो सरकारले उदार आर्थिक नीति अनुरूप कर प्रणालीमा व्यापक र दूरगामी सुधार गर्ने प्रक्रियालाई अगाडि बढाउनेछ । अर्थतन्त्रमा स्थिरता कायम राख्न वित्तीय घाटा, मौद्रिक विस्तार र मूल्यस्थितिलाई एउटा निश्चित सीमाभित्र राख्ने प्रयत्न पनि गरिनेछ । संस्थानहरूको निजीकरण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा क्रमिक



रूपमा अगाडि बढाइनेछ । वित्तीय क्षेत्रको निरन्तर अनुगमन र मूल्यांकन गर्दै निजी क्षेत्रमा वित्तीय संस्थाहरूको स्थापनासँगै पूँजी बजारको विकासलाई प्रोत्साहित गरिनेछ ।

७. मेरो सरकारले अत्यावश्यक वस्तुहरूको आपूर्ति व्यवस्थामा उपभोक्ता समूह तथा सहकारी संस्थाहरूलाई संलग्न गराउन प्रेरित गर्नेछ । निजी क्षेत्रभित्र पनि प्रतिस्पर्धात्मक वातावरणको सृजना गरी आपूर्ति स्थितिमा सुधार गर्ने क्रम जारी राखिनेछ । त्यस्तै दुर्गम क्षेत्रहरूमा खाद्यान्न आपूर्ति गर्ने व्यवस्थामा पनि सुधार गर्दै लगिनेछ ।

८. नयाँ पर्यटनस्थलको पहिचान गर्नुका साथै पर्यटन प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार विकसित गर्दै मेरो सरकारले लगानीकर्ताहरूलाई विभिन्न पर्यटन व्यवसायतर्फ आकर्षित गराउनेछ । स्वस्थ प्रतिस्पर्धाको आधारमा भरपर्दो र सुरक्षित सेवा पुर्‍याउने किसिमको वायुसेवा नीति अपनाइनेछ । दुर्गम क्षेत्रका विमानस्थलहरूको भौतिक सेवामा सुधार ल्याइनेछ ।

९. मेरो सरकारले कृषि प्रसार एवं तालिमलाई प्रभावकारी बनाउँदै सिंचित क्षेत्रमा बढी उत्पादकत्व हासिल गर्न उपयुक्त बाली, फलफूल तथा पशुपंछी विकासका कार्यक्रममा जोड दिनेछ । कृषि सामग्रीको बिक्री वितरण, संचय, प्रशोधन आदि कार्यमा सहकारी संस्थाहरूलाई संलग्न गराउनेतर्फ जोड दिँदै मेरो सरकारले प्रतिस्पर्धात्मक मूल्यमा समयमै रासायनिक मलको आपूर्ति गर्ने जस्ता कुरामा सहकारी संस्था र निजी क्षेत्रलाई समेत संलग्न गराउनेछ ।

१०. एकीकृत भू-सूचना प्रणालीद्वारा जग्गा-जमीनको सम्पूर्ण लगतलाई व्यवस्थित र अद्यावधिक बनाउँदै द्वैध स्वामित्व समाप्त गर्नेतर्फ प्रारम्भ गरिएका प्रयासहरूलाई आगामी आर्थिक वर्षमा अघि बढाइनेछ ।

११. मेरो सरकारले जनसहभागिताका आधारमा वनसंपदाको संरक्षण र उपयोगलाई प्रोत्साहित गर्नेछ । सरकारी वन तथा जनतालाई संलग्न गराई सामुदायिक, कबुलियती र निजी वनहरूको उचित व्यवस्थापन र विकासका लागि

कार्यक्रमहरू संचालन गरिनेछन् । जलाधार क्षेत्र र त्यसका पूर्वाधारहरूको संरक्षण गर्ने कार्यक्रमहरू पनि संचालन गरिनेछन् । राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र वरिपरिका जनतालाई समेत सहभागी गराई वन पैदावारहरूको आपूर्ति तथा संरक्षण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१२. मेरो सरकारले कम खर्चिलो प्रविधि अपनाई ग्रामीण क्षेत्रको खानेपानी सुविधामा व्यापक विस्तार गर्ने कार्यक्रम संचालन गर्नेछ । शहरी क्षेत्र र काठमाडौं उपत्यकामा खानेपानीको आपूर्ति बढाउने एवं पानीको चुहावट र प्रदूषण नियन्त्रण गर्ने कार्यक्रमहरू संचालन गरिनेछन् । सही सुकुम्बासीहरूको पहिचान गरी उनीहरूलाई बसोबास गराउने काम पनि अघि बढाइनेछ । त्यस्तै, शहरी बस्तीहरूको योजनाबद्ध विकासतर्फ पनि मेरो सरकारले कदम चाल्नेछ ।

१३. मेरो सरकारले यातायात विकासको क्षेत्रमा निर्माणाधीन राजमार्ग र सहायक राजमार्गहरूको निर्माण पूरा गर्नुका साथै सदरमुकाम जोड्ने सडकलाई प्राथमिकता दिंदै निर्माण कार्य जारी राख्नेछ । त्यसै गरी जलविद्युत् आयोजना संचालनका लागि पूर्वाधार सडकको निर्माण गर्नुका साथै निर्मित सडकहरूको मर्मत र संभार गर्ने कार्यक्रमलाई अघि बढाइनेछ । स्थानीय सहभागितामा निर्माण हुने जिल्लास्तरीय सडक, घोडेटो-गोरेटो र झोलुंगे पुलका लागि पनि साधन र प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१४. मेरो सरकारले विद्युत् आपूर्तिको समस्या हल गर्न अल्पकालीन उपायका रूपमा मौजुदा जलविद्युत् केन्द्रमा सुधार, तापीय विद्युत केन्द्रको स्थापना तथा विद्युत् आयात जस्ता कार्यक्रमहरू संचालन गर्नेछ । थप विद्युत् उत्पादनका लागि मझौला जलविद्युत् आयोजनाको निर्माणलाई अघि बढाइनेछ । जलविद्युत् विकासमा निजीक्षेत्रलाई निरन्तर प्रोत्साहित गरिनेछ । सिंचाई आयोजनाहरूको छनौट, निर्माण, संचालन र मर्मत संभारमा उपभोक्ता कृषकहरूलाई संलग्न गराउने नीति र कार्यक्रमलाई अघि बढाइनेछ । ठूला आयोजनाहरूको तुलनामा साना आयोजनाहरूको लागत-प्रभावकारितालाई ध्यानमा राखी जनसहभागिताको आधारमा संचालन हुन



सक्ने साना आयोजनाहरूको निर्माणलाई प्राथमिकता दिइनेछ । बाढी तथा नदी कटान समस्या समाधान गर्नेतर्फ पनि जनसहभागिताका आधारमा नदी नियन्त्रण कार्यलाई प्रभावकारी बनाइनेछ ।

१५. मेरो सरकारले प्राथमिक शिक्षाको विस्तार र शैक्षिक गुणस्तरको विकासमा जोड दिनेछ । छात्राहरूको निम्ति छात्रवृत्ति र महिला शिक्षिकाहरूको थप व्यवस्था मिलाइनेछ । स्तरयुक्त पाठ्यक्रम र पाठ्य सामग्रीको विकास, विद्यालयहरूको भौतिक सुविधामा वृद्धि र शिक्षक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउनुका साथै परीक्षा प्रणाली र शैक्षिक उपकरण आदिमा सुधार गरिनेछ। पूर्वाधार भएका विद्यालयहरूमा उच्चमाध्यमिक शिक्षाको विस्तार गर्नुका साथै संस्कृत शिक्षालाई व्यावहारिक बनाउनेतर्फ ध्यान दिइनेछ । उच्चशिक्षाको व्यवस्थापनमा समयानुकूल सुधारका साथै शिक्षाको गुणात्मक विकासमा मेरो सरकारले ध्यान दिनेछ। मेरो सरकारले विभिन्न जनजातिका सांस्कृतिक परम्परालाई प्रोत्साहित गर्नुका साथै राष्ट्रको धार्मिक, पुरातात्विक र सांस्कृतिक धरोहरको संरक्षण कार्यमा विशेष जोड दिनेछ।

१६. स्वास्थ्यतर्फ मेरो सरकारले आधारभूत प्राथमिक स्वास्थ्य सेवा तथा परिवार नियोजन एवं मातृशिशु कल्याण कार्यक्रमलाई ग्रामीणस्तरसम्म संचालन गर्न प्राथमिकता दिनेछ । साथै, आधुनिक चिकित्सा प्रणालीको सेवाको स्तरमा पनि सुधार गरिनेछ ।

१७. मेरो सरकारले व्यावसायिक तथा सीप विकास तालिमलाई प्रभावकारी बनाई यस्ता तालिमहरूद्वारा खास गरी महिला बेरोजगारहरूको समस्या समाधान गर्नेतर्फ कार्यक्रम संचालन गर्नेछ ।

१८. आगामी आर्थिक वर्षमा पनि मेरो सरकारले दुर्गम जिल्लाका सदरमुकामहरू तथा ग्रामीण क्षेत्रहरूमा दूर संचार सेवा उपलब्ध गराउने कार्यक्रम जारी राख्नेछ । गाउं विकास समितिसम्म हुलाक सेवा पु-याउने नीति अनुरूप थप हुलाक कार्यालयहरू खोलिनेछन् ।

१९. मेरो सरकारले प्रशासनिक कार्यविधिमा सरलीकरण तथा कर्मचारीहरूको हौसलामा वृद्धि गरी प्रशासनयन्त्रलाई सक्षम

र सेवामूलक बनाउन प्रशासन सुधारको क्रम जारी राख्नेछ। जनतालाई छिटो-छरितो र सरल प्रक्रियाद्वारा न्याय प्रदान गर्ने नीति अन्तर्गत न्याय प्रशासनलाई सक्षम र सुदृढ बनाउनेतर्फ पनि मेरो सरकार क्रियाशील रहनेछ। जनताको मौलिक हक तथा मानवअधिकारको सुरक्षा र संम्मान गर्दै गृह प्रशासनलाई अझ भरपर्दो र विश्वसनीय बनाइनेछ । नेपाल प्रहरीको संगठनात्मक पक्ष र कार्यशैलीमाआवश्यक सुधार गरिनेछ । नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र सही र सरल तरिकाले उपलब्ध गराउन प्रक्रियागत कुराहरूमा सुधार गरिनेछ ।

२०. शाही नेपाली सेनाको दक्षता र जनशक्तिलाई राष्ट्रिय विकास कार्यमा संलग्न गराउने मेरो सरकारको नीतिलाई कायमै राखिनेछ । यसका साथै संयुक्त राष्ट्र संघको आह्वानमा गरिने अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा स्थापना कार्यमा शाही नेपाली सेनाको सहभागिता जारी नै राखिनेछ।

२१. संयुक्त राष्ट्र संघको बडापत्र र असंलग्नताको सिद्धान्तप्रति प्रतिबद्ध रही मेरो सरकारले सबै मुलुकहरूसंग शान्ति, मित्रता र सहयोग बढाउने परराष्ट्र नीति कायमै राख्नेछ । हाम्रा निकटतम छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसंग रहेको हाम्रो सुमधुर सम्बन्धलाई पारस्परिक हितका निम्ति अझ गाढा बनाइनेछ । हाले हामीबाट गरिबक्सेको भारतको राजकीय भ्रमण र भारतका प्रधानमन्त्री श्री पी.भी. नरसिंह रावले गत वर्ष गर्नुभएको नेपालको औपचारिक भ्रमणले दुई देश बीचको मित्रता अझ सुदृढ पार्नमा सघाउ पु-याएको छ भन्ने मेरो सरकारको विश्वास रहेको छ । भरखरै भियनामा सम्पन्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी विश्व सम्मेलनमा हाम्रा प्रधानमन्त्रीको नेतृत्वमा नेपालको सक्रिय सहभागिता मानव अधिकारप्रति नेपालको गहिरो आस्थाको अभिव्यक्ति हो । साथै प्रधानमन्त्रीको फिनल्याण्ड र इजरायलको औपचारिक भ्रमणबाट नेपाल र ती देशहरू बीच रहिआएको सम्बन्ध बढी सुदृढ हुन पुगेकोछ । दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनलाई अझ प्रभावकारी बनाउनेतर्फ पनि मेरो सरकार क्रियाशील रहनेछ। भूटानी शरणार्थी समस्याको चाँडो समाधान गर्नेतर्फ मेरो सरकारले कूटनीतिक प्रयास जारी राख्नेछ ।



२२. प्रजातन्त्रलाई सुदृढ गर्दै न्यायोचित आर्थिक विकासको गति तीव्र पार्न मेरो सरकार कटिबद्ध रहेको छ । हाम्रो संविधानले लक्षित गरेको समतामूलक समाज र जनतामुखी विकास ढांचा निर्माण गर्न कार्यरत मेरो सरकारलाई सम्पूर्ण नेपालीबाट सक्रिय सहयोग र समर्थन प्राप्त हुने कुरामा हामी विश्वस्त छौं । आर्थिक र प्राविधिक सहयोगद्वारा हाम्रो विकास प्रयासमा सघाउ पुर्याउने सबै मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय संघ, संस्थाहरूप्रति मेरो सरकार हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !